# ऐतिहासिक पत्रस्तम्भ

श्री ३ महाराज श्री ५ सर्कार श्री ५ बादशाह
१ २ ३

अर्जि — — — — — — — — — — — — — — — — —

उप्रान्त करुणानिधान माघ शुदि ८ रोज १ मा लेषियाको करुणा कृपापत्र फाल्गुण सुदि १२ रोज २ मा आईपुग्यो तेसतर्फको जो पायासुन्याको षवर गल्वाको गल्वा र साँचो-को साँचो वरावर लेषि पठाउन्या काम गर भनि मर्जि भै सेवकपर सिक्षे भै आयाका वडापत्रको दर्शन पायां अर्थ बुझि सिह्र चढायां मोलमका वाडाहरूले अंबाहरू पस्याका ठाउमा ईज्जत हुल्ला गरेका वेहोराको अर्जि अघि चढाई पठायाका हो येस वेहोरामा अंबाहरूले हामि चिनियांहरू सबै चिन जान्छौ यांहां वस्तैनौ यांहां हाम्रो बेइज्जत भयो भनि लामागुरु राजासित भन्दा येस्ता साना कुरामा वाडा-हरूले यस्तो हुज्जत गऱ्ये ई वाडाहरू साह्रै मुर्ष छन् येस्ता साना कुरापछि नलाग्नुहवस् भन्ने पाठ पारि विन्ति गर्दा आज लामागुरुको र राजालामाको मुष हेरि यो कुरो हामिबाट माफ भयो अब उप्रान्त येस्तो हुन नपावस् भन्ने वेहोरा गरि बन्दबस्त भयो हजुरमा दर्शन गर्न आउन्या चिनियां उताल्वे टिगरिका मालिक भै चैत्र वदि ५ रोजमा टिगरि बस्न भनी जान्याछन् अंवा त्यैरिताबाट...१...का हजूरमा छुरि सिंजिसमको औठामा लाउन्या गर्येनि चकमक मनोहरको नसंदानि चीजहरू र चिठि निज उताल्वे हस्ते पठाउन्याछन्...२...बाट चिन...३...का हजूरमा चढाई पठायाका अर्जिको प्रमाण चिन...३...बाट बक्सी आया-पछि निज उताल्वेले स्व प्रमाण लि भरवैसाषमा हजूरमा हाजिर हुन्याछन् पोतला लामागुरु चतुर्मासा मुकाम गर्न ल्हासादेषि पश्चिम नबुलैकामा फाल्गुण सुदि ९ रोज ६ मा गया यै साल कार्तिक सुदि १२ रोज २ मा चढायाका अर्जिको जवाफ आयेन पछि मार्ग सुदि ११ रोज २ मा चढायाका अर्जिको यो जवाफ आयो कसो भयो याँहाँका हुलाकिले हराया कि ताहा पुगि जवाफ लेषिबक्सनामा तजबिज हुदैन र... हो कि कसो हो त्यो अर्जिको पत्ता लागेन फाल्गुण सुदि ३ रोज ७ का दिन राङ्जुं काजि मऱ्या ईन्का बदलामा फलानु काजि हुन्छ भन्ने ठेगान भयाको छैन चिके षंबु पनि दुषेका थिये अब ता निका भया अरू यांहांको हालसुरथ यथायोग्य छ सेवकका अर्जिका बेहोरामा घटबड पऱ्याको होला छेमा राखिबक्स्याजावस् शुभमस्तु शुभम् — — — — — — —

श्री ५ चिन वादशाह
१

स्वस्ति श्री ३ गोर्षा अर्तिनि वाङ राजा श्री ३ पृथ्वी वीरविक्रम संसेर जंगबहादुर साहादेव — — — —

उप्रान्त यो चिठिमा लेष्याका व्यहोरा आफु वाङ राजाले मानि काम गर्नुहोला आज मछीचुङमा तालयेलाई ल्हासाका वडा अंवा २ ले हुकुम भयाको व्यहोरा आज...१... बाट ति गोर्षा वाङ रालाई बक्सिस दिपठाउनुभयाको पर्वाना १ लाख मानिकको गजुर बैठकि समेत भयाको १ तिमिछ १ चुङमा तालयेहरूले नेपालमा गै ति गोर्षा वाङ राजालाई सौंपिदिनु भनि हुकुम हुदा सो हुकुम मानी आमछ १ चुङमा तालये र गोर्षा पऱ्या ठाउका वषटर च्युंकुं सिपाहि हाम्रा चाकरसमेत गरि यो साल ९ मैन्हाका ७ दिनमा ल्हासाबाट आई डिगर्चा अडामा येहि साल १५ दिनमा आईपुक्यौ डिगर्चा अडाबाट तेसतर्फ ९ मैन्हाका १६ दिनमा रमाना भै आछ सोवमोजिम आफु वाङ राजाबाट अघिका रितबमोजिम घोडा डोलि हुलाक षान्या पीन्या समेत गरि हामीलाई लिन आउन्या भारादारहरूलाई राम्रो गरि अराई सिकाई केरु अडामा गै पर्षिबस्नु भनि पठाई-दिनुहोला हामी ताहां आयेर पर्षि बस्नु नपरोस् सो व्यहोरा अघि ल्हासाबाट यो साल ९ मैन्हाका ७ दिनमा अफु वाङ राजालाई लेषि गयाको हो सो लेषि गयाको चिठि र यो चिठिमा लेष्याका व्यहोरा मानी काम गर्नु होला आफु वाङ

राजाका क्षेमकुशल चाहिन्छ इति श्री क्वाङ स्याई १० साल हाम्रा ९ मैन्हाका १५ दिन जादा मुकाम डिगर्चा अडा शुभम् – – – – –

श्री ५ सर्कार      श्री ३ महाराज
१      २

अर्जी ... ... ... ... ... ... ...

उप्रान्त करुणानिधान वैशाष वदि ४ रोज २ मा लेषिआयाको सिक्षे करुणापत्र मेहेर भैं आयाको ज्येष्ठ वदि १२ रोज ५ मा आईपुग्यो ल्हासाका दस बत्तीसहरूका पसंल वाहालमध्ये सालिन्दा कालामोहर थान ३० अघिदेषि कप्तान चन्द्रमान कार्कि क्षेत्रीले भोटका ननिस्या कचहरिमा बुझाईआयाको रहेछ भने आज पनि बाह्र सालमा भयाको अहदमा यो बेहोरामा दिनु नदिनु भन्ने केहि लेषियाको छैन तापनि बुझाईदिन्या काम गर अहदको नकल उतारि यसैं चिठिमा षामि पठायाको छ १९२४ सालका वालिलाई साविकबमोजिम तम्रो थमाउनि भयो थमाउनिका रुपैयां चढाई पठाउन्या काम गर भनि मेहरको पत्र १ र वैशाष शुदि १० रोज २ मा लेषियाको सिक्षे करुणा कृपापत्र जेष्ठ शुदि १२ रोज ५ मा आईपुग्यो ल्हासाका वडा अंवाका नाउमा लेषिगयाका चिठिको नकल उतारि यसैं चिठिमा षामि पठायाको छ ताहा कुराकहानि केहि चल्यो भने यसैं नकलका आसयेबमोजिम कुराकहानि गर्नु भन्ने वेहोराको पत्र १ ज्मा पत्र २ को दर्शन गरि सेवकले अर्थ बुझि सीह्र चढायां वडा अंवालाई ताहाबाट लेषिबक्सनुभयाको पत्र अंवा भयाका थाउमा अझ आईपुगेको छैन नकल मसंग आईपुग्दा अंवालाई आयाका पत्रको आसय बुझि अर्जि चढाई पठाउला भन्ने बेहोराले यो अर्जि ढिल हुन गयो हाम्रा चिन जान्या काजिहरू स्यासन भन्ने जग्गामा न्याफैं कुल्याहाले दुष दि हुल्ला उठि थोड काम भन्या बाटो बन्द हुनाले चिन जानै नपाई येननैं तार्चनदेउ सहरदेषि नेपालतरफ फर्कन्छन् भन्नै बेहोराको अर्जि अघि चढाई पठायाको छ सो अर्जि हजुरमा दाषिल भयो हो आजकाल तार्चनदेउबाट ठिन्डपुर सहरमा गैं केही फर्यासि पाल हालि बस्छन् भन्ने गलवा सुनिन्छ औ यांहा ल्हासामा भोट ...१ ... बाट नयाँ टक मन्याका नमुना कालामोहर थान २ चढाई पठायाको छ तलवमा पनि फरक छ षांटा पनि छन् ई मोहरमा हाम्रा साहुमहाजनहरू पनि चलनलाई आनेकाने गर्छन् भोट ...१... बाट भने ई आज भयाका नयाँ टकमा रुपैयां सरासर चलाउनु जसले ई मोहर षराषोटा भनि लिदैन भने भारि सजाय होला भन्ने चिनियाँ अक्षेर भोटे अक्षेरको सवाल लेषि टोल टोलमा देषाया सुनाया १९२४ सालका वालिलाई साविकवमोजिम मेरो थमाउनि गरिबक्सनुभयेछ मेरो थमाउनिको मोहर रुपैयाँ ... २ ... का हजुरमा २ हजुरमा २ यसैं अर्जिमा षामि चढाई पठायाको छु हाजिर हुन्याछ तार्चनदेउ सहरबाट चिन जान्या काजिहरूबाट अर्जि अंवाका चिठिमा षामि पठायाका रहेछन् अंवाबाट मलाई पठाईदियेछन् र मेरा अर्जिमा षामि चढाई पठायाका अर्जि ३ औ यांहांका हालसुरथकार्थलाई येथायोग्ये छ सेवकको अर्जिमा घटबड केहि पऱ्याको होला दया छेमा राषिबक्स्याजावस् शुभमस्तु सुभम् – – –

श्री ५ सर्कार      श्री ५ बादशाह
१      २

अर्जि – – – – – – – – – –

उप्रान्त करुणानिधान भाद्र सुदि १२ रोज ३ मा लेषियाको करुणा कृपापत्र कार्तिक वदि ३ रोज ४ मा आईपुग्यो तेसतरफको जो पायासुन्याको षवर तहकियातको तहकियात गल्दाको गलवा बराबर लेषिपठाउन्या काम गर भनि मर्जि भैं लेषिआयाका वडापत्रको दर्शन गरि अर्थ बुझि सीह्र चढायां कार्तिक वदि ७ रोज २ का ५ घडि रात वित्यापछि आज गोर्षा ...१.... लाई चिन ...२... बाट राजमान प्रसस्तिको प्रमाणा भैं बक्सि आयो तसर्थ बडा अंवाहरूसित येस बेहोराको तपाई कप्तानले वारंवार बिन्ति गऱ्याको कार्जे आज सिद्ध भयो तसनिमित तपाईलाई सलाम भनि कालामोहर ४ जान्या छिन्जे षाता फापुनले पठाई दयेछन् र मैले यो काम सिद्ध गरायाको होईन तपाईहरूबाट ... २ ... का हजुरमा जाहेर गराई मन्जुर पारि सो प्रमाणा झिकाउनुभयो वढिया गर्नुभयो भनि सोहिबमोजिमको मेरो षाता थपि मेरो सलाम भनि निज षाता लि आउन्या दोमास्या हस्ते पठाईदियां अंवा र हामि वसि त्यो प्रमाणा हेरि बुझि सोमाफिक चाडै यो बेहोरा लेषि प्रमाणासमेत नेपाल पठाई दिन्छौं भन्न पठाया येति कुरो भयाको तहकियात हो येस मुद्दाका बेहोरामा भोलिपर्सि अंवाहरू के भन्छन् कसो गर्छन् सो तहकियात बुझि लेषि विन्ति चढाई पठाउन्याछु आज येति बेहोरा भन्या र लेषि विन्ति चढायाको हो सेवकका अर्जिका बेहोरामा घटबड पऱ्याको होला छेमा करुणा राषिबक्स्याजावस् शुभमस्तु शुभम् – – – – –